सिमेन्ट उद्योग पुनः अघि बढाइने

तस्बिर : रजनी योगी

सुर्खेतको चौकुनेस्थित सूर्यतारा सिमेन्ट उद्योग निर्माणस्थल ।

बुलबुले समाचारदाता
सुर्खेत, कात्तिक ११ गते

पश्चिम सुर्खेतको चौकुनेमा सूर्यतारा सिमेन्ट उद्योग सञ्चालनका लागि पुनः काम अघि बढाइने भएको छ। यसअघि नै काम थालिए पनि सरकारबाट सहयोग नपाएको भन्दै रोकिएको थियो। कर्णाली प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएपछि पुनः उद्योग स्थापनाका लागि बाँकी काम अघि बढाउन लागिएको हो।

उद्योग सञ्चालनको काम अघि बढाउन कर्णाली प्रदेश सरकारले सहयोग गर्ने भएको छ। आवश्यक भौतिक पूर्वाधार निर्माणमा सहयोग गरेर काम अघि बढाइने जनाइएको छ। उद्योग निर्माणको काम अहिले ठप्प छ। विद्युत्, खानेपानी र पहुँच मार्गलगायतका भौतिक पूर्वाधार नभएको भन्दै उद्योगले काम रोकेको हो। प्रदेश सरकारले यिनै पूर्वाधार निर्माण गर्न सहयोग गर्ने भएको छ। प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा समेत ठुला उद्योग सञ्चालनका लागि पूर्वाधार सहयोग गर्ने जनाएको छ। सोहीबमोजिम बजेट विनियोजन गरेर उद्योगको काम अघि बढाउन सहयोग गर्ने बताइएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सूर्यतारा सिमेन्ट उद्योग सञ्चालनको काम अघि बढाउन पहल गरिरहेको छ। आयोजनाको काम लामो समयदेखि ठप्प भएको भन्दै मन्त्रालयले चासो राखेको हो। त्यहाँको बस्ती र उद्योग सञ्चालनका लागि खानेपानीको योजना अघि सारिएको छ। जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गतको खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यक्रमको ३० लाख बजेटमा खानेपानीको योजना अघि बढाइने छ। सिमेन्ट उद्योग सञ्चालनको काम अघि बढाउन पहल भइरहेको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कृष्णकुमार बिसीले बताउनुभयो। उहाँका अनुसार प्रदेशको हितको योजना भएकाले पुनः काम अघि बढाउन पहल गरिएको छ। विद्युत् र पहुँच मार्ग निर्माणका लागि प्रदेशका सम्बन्धित मन्त्रालय र सङ्घीय सरकारसँग समेत छलफल गरिएको मन्त्री बिसीले जानकारी दिनुभयो। प्रदेश सरकारले लगानीमैत्री वातावरण सिर्जना गरेर कामको थालनी गर्न लागेको उहाँको भनाइ छ। कर्णाली प्रदेश सरकारले पहुँच मार्ग निर्माण गर्न सङ्घीय सरकारसँग अनुरोध गरेको हो। उद्योग स्थापना स्थलसम्म पहुँच मार्ग र विद्युत् विस्तार नहुँदा समस्या निम्तिएको थियो।

सरकारले पूर्वाधार निर्माणमा सहयोग गरे काम अघि बढाउने सूर्यतारा इन्भेस्टमेन्ट कम्पनीका अध्यक्ष मुकुन्दप्रसाद तिमिल्सेनाले जानकारी दिनुभयो। पूर्वाधार अभावबिच उद्योगको काम ठप्प भएको उहाँको भनाइ छ। उद्योगका लागि जग्गा प्राप्ति, संरचना निर्माणलगायतका धेरै काम अघि बढिसकेको भन्दै उहाँले सरकारले लगानीमैत्री वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो।

उद्योग सञ्चालन गर्न प्रदेश सरकारले सहयोग गर्ने भएपछि थप काम अघि बढाइने भएको छ। दुई वर्षभित्रै उत्पादन सुरु गर्ने लक्ष्यसहित २०७७ सालमा लगानी बोर्डबाट उद्योग सञ्चालनका लागि स्वीकृति पाएको कम्पनीले पूर्वाधार निर्माणका प्रारम्भिक कामसमेत सुरु गरिसकेको छ। करिब १५ अर्ब रुपियाँ बराबरको लगानीमा उद्योग सञ्चालन हुन लागेको हो। उद्योग सञ्चालनका लागि लगानी बोर्डले १४ अर्ब २७ करोड ५० लाखको लगानी स्वीकृत गरिसकेको छ। अध्यक्ष तिमिल्सेनाका अनुसार वराहताल गाउँपालिका–७ स्थित लखरपाटामा ९५ हजार हेक्टर जमिनबाट चुनढुङ्गा उत्खनन गर्ने र चौकुने गाउँपालिकामा उद्योग स्थापनाका लागि ४२ बिघा जमिन खरिद गरिएको छ। उद्योग सञ्चालनका काम अघि बढाउने भएसँगै लगानीको खोजी गरिने तिमिल्सेनाले जानकारी दिनुभयो।

‘सत्तापक्ष र प्रतिपक्ष एकजुट भएर अघि बढ्न आवश्यक’

तस्बिर : कृतबहादुर विष्ट

दसैँ मिलन कार्यक्रममा सहभागी प्रदेश प्रमुखसहितका अतिथि ।

धनगढी/फूलबारी समाचारदाता
धनगढी, कात्तिक ११ गते

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिम प्रदेशको विकासका लागि सत्तापक्ष र प्रतिपक्ष पार्टी एकजुट भएर अगाडि बढ्न आवश्यक रहेको बताउनुभएको छ।

प्रदेश सरकारद्वारा शनिबार आयोजित दसैँको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले सत्तामा रहँदा वा नरहँदा सबै एकजुट भएर अगाडि बढ्न जरुरी रहेको बताउनुभएको हो। मुख्यमन्त्री शाहले भन्नुभयो, “हामीले समृद्धि, विकासको खाका कोर्नु छ। त्यसैले मेरो सबैलाई निवेदन छ कि अबको दिनमा हामी हिजोको भन्दा प्रगाढ सम्बन्धका साथ प्रदेशको विकासका लागि अगाडि बढ्ने छौँ।”

उहाँले दुर्गाभवानीको आशीर्वाद ग्रहण गर्दै सबै जना एकसूत्रमा बाँधिएर अगाडि बढ्ने उल्लेख गर्नुभयो। मुख्यमन्त्री शाहले दसैँ मिलन कार्यक्रमले सत्तापक्ष र प्रतिपक्षको सम्बन्धलाई अझ प्रगाढ बनाउने बताउनुभयो। “विगतमा भएका कमीकमजोरीलाई त्याग्दै भोलिका दिनमा नयाँ शिराबाट अगाडि बढ्ने सन्दर्भका रूपमा पनि यसलाई लिएका छौँ,” उहाँले अगाडि थप्नुभयो, “दसैँ मिलन कार्यक्रममार्फत एकजुट हुन चाहन्छौँ र यो सन्देश देशभरि फैलाउन चाहन्छौँ।”

मुख्यमन्त्री शाहले संस्कृति, परम्परालाई सदैव मान्न आवश्यक रहेको बताउनुभयो। “हामी त्योभित्र बाँधिएका छौँ,” उहाँले भन्नुभयो। शुभकामना आदानप्रदान कार्यक्रममा प्रदेश प्रमुख देवराज जोशी, मन्त्रीहरू शिवराज भट्ट, प्रकाश देउवा, रमेश धामीसहित प्रदेश सभा सदस्य, राजनीतिक दल र पत्रकारको सहभागिता रहेको थियो।

उग्रतारा मन्दिरमा मेला सम्पन्न

डडेलधुरा समाचारदाता
डडेलधुरा, कात्तिक ११ गते

बडादसैँको महाअष्टमीको दिन सुदूरपश्चिमकै प्रसिद्ध धार्मिक शक्तिपीठ उग्रतारा भगवती मन्दिरमा लागेको मेला सम्पन्न भएको छ। सदरमुकाम अमरगढीबाट चार किलोमिटर टाढा उत्तरतर्फ रहेको मन्दिरमा अष्टमीका दिन भव्य मेला लागेको हो।

उग्रतारा क्षेत्र विकास समितिका अध्यक्ष तेजबहादुर साँकीका अनुसार अष्टमी मेलासँगै राँगा र बोकाको बलि दिई पूजाआजा गरिएको छ भने दसैँको दिन पनि भव्य पूजाआजा गरिएको छ।

मेलामा सुदूरपश्चिमका नौ वटै जिल्ला तथा अन्य क्षेत्रबाट धार्मिक भक्तजन पुगेका छन्। यो मन्दिरलाई नेपालको सुदूरपश्चिमका नौ भगवतीमध्ये एक मन्दिर मानिन्छ।

किंवदन्ती अनुसार करिब २५ सय वर्षपहिले हालको अमरगढी नगरपालिका–८, लटाउली गाउँ बस्ने साँकी जातिका स्थानीयले बारीमा हलो जोत्दै गर्दा हलोको फाली लागेर शिलाबाट रगत बगेपछि देवी उत्पन्न भएर दर्शन मिलेको थियो।

त्यस दिनदेखि महागौरी दुर्गा र कालीको स्वरूपमा उग्रतारा भगवतीको पूजाआजा गर्दिँदै आएको छ। लटाउली गाउँका साँकी र भट्ट जातिका पण्डित अहिले पनि मन्दिरका पुजारी रहनुभएको छ।

उग्रतार मन्दिर विशाल फाँटमा रहेको छ। अग्लो डाँडामाथि मन्दिर अवस्थित रहेकाले मन्दिरसम्म पुग्न ओरालो झर्नु पर्दैन। यस कारण पनि मन्दिरको गरिमा बढेको अध्यक्ष साँकीको भनाइ छ।

उग्रतारा भगवती मन्दिरमा कात्तिक शुक्ल पूर्णिमाका दिन महापूजा तथा ठुलो मेला लाग्ने गर्दछ। कात्तिक शुक्ल पूर्णिमामा लाग्ने प्रसिद्ध मेला देइजातमा प्राचीनकालमा गर्खा–गर्खाबाट लडाकुले आआफ्नो वीरतासाथ लडाइँ हुँदा रगतको खोला बग्ने जसलाई यहाँ न्वाखोलाका रूपमा नामकरण गरिएको छ।

राजपुरबाट बाह्र जुवाडे पक्राउ

धनगढी समाचारदाता
धनगढी, कात्तिक ११ गते

कैलाली जिल्ला प्रहरीले १२ जना जुवाडेलाई पक्राउ गरेको छ। धनगढी उपमहानगरपालिका–१३, राजपुरस्थित टहरामा जुवा खेलिरहेको अवस्थाबाट उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको हो।

पक्राउ पर्नेमा सोही ठाउँका २८ वर्षीय योगेन्द्र महरा, ३२ वर्षीय रूपेन्द्र ओझा, ३१ वर्षीय कमल बडायक, ३३ वर्षीय राधेश्याम राना, ३३ वर्षीय सुवा राना, २६ वर्षीय भरत राना, ४३ वर्षीय रामनन्द राना, २९ वर्षीय शिवकुमार राना छन्। यसै गरी २३ वर्षीय सुरेश राना, ४२ वर्षीय पिरागी राना र ४० वर्षीय नबोध झा रहेका छन्।

सुदूरपश्चिम प्रदेश प्रहरीको आरआइटी समूह र वडा प्रहरी कार्यालय धनगढीको टोलीले जुवा खेलिरहेको अवस्थाबाट उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेका जुवाडेको साथबाट एक लाख एक हजार नगद रुपियाँ बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले जानकारी दिनुभयो।

सुत्केरी गराउन समस्या

बाजुरा समाचारदाता
बाजुरा, कात्तिक ११ गते

बाजुरामा विभिन्न ठाउँमा निर्माण गरिएका प्रसूति गृह सञ्चालन नहुँदा सुत्केरी गराउन समस्या भएको छ। प्रदेश सरकारको आर्थिक सहयोगबाट निर्माण गरिएका यस्ता गृहबाट अझै सेवा सुचारु हुन सकेको छैन। बुढीगङ्गा नगरपालिका–१ र २ अम्कोट र बह्मतोलाको बिच पाल्नेढोरमा निर्माण गरिएको प्रसूति गृहबाट सेवा नियमित नहुँदा सुत्केरी गराउँन समस्या हुने गरेको बह्मतोलाका स्थानीय महिला जाल्पादेवी थापाले बताउनुभयो।

उहाँले भन्नुभयो, “गाउँका महिलालाई गाउँमै सुत्केरी गराउन सहजताका लागि निर्माण गरिएका यस्ता गृह सञ्चालनमा आएका छैनन्। बह्मतोला, धाभुवाँ, अम्कोट, बल्दे, खस्रे खेत र जमालवाडालगायतका गर्भवती महिला दुई घण्टाको बाटो हिँडेर बह्मतोला स्वास्थ्य चौकीमा जाने गरेका छन्। गर्भवती महिलालाई प्रसूति गराउन सहज हुने गरी बुढीगङ्गा नगरपालिकाको अम्कोट र बल्देको घट्टाला बस्ने ठाउँमा २०७७ साल कात्तिकमा प्रसूति भवन निर्माण गरिएको थियो।

अन्य वडामा सुत्केरी गराउन गाउँमै प्रसूति गृह सञ्चालित छन्। गाउँमा भवन निर्माण भए पनि सेवा सुचारु नहुँदा सुत्केरी गराउन निकै सास्ती खेप्दै आउनु परेको भनाइ स्थानीय महिलाको छ।

बुढीगङ्गा नगरपालिका–१, बालमैन्त्री आधारभूत विद्यालयका शिक्षक बहादुर थापा स्थानीय सरकारले यत्तिको लगानी गरेर गाउँमै प्रसूति गृह निर्माण गरे पनि सेवा सञ्चालन नहुँदा भवनहरू जीर्ण बन्दै गएको बताउनुहुन्छ। प्रदेश सरकारको आर्थिक सहयोगमा बुढीगङ्गा नगरपालिका–७ वडामा एक करोड पाँच लाख रुपियाँको लगानीमा सात वटा प्रसूति गृह निर्माण गरेको छ। बुढीगङ्गा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख दीपक शाहले सुत्केरी गराउन तथा गाउँमा खोप लगाउन जाँदा सहजताका लागि प्रदेश सरकारले ती भवन निर्माण गरेको बताउनुभयो।

ती भवनबाट नै यहाँका स्थानीयले प्रसूति सेवा सञ्चालनको माग गर्दै आएका छन्। कर्मचारी छैन् यता नगरले कर्मचारी भर्ना गरेको छैन्। उहाँले “कर्मचारी नभएकै कारण ती भवनबाट सेवा दिन समस्या भएको बताउनुभयो।

तस्बिर : शेरबहादुर सार्की

प्रसूति सेवा सञ्चालन नभएको बुढीगङ्गा–२, पाल्नेढोरमा रहेको प्रसूति गृह ।

एक वर्षमै उप्कियो कालोपत्रे

कालीकोट समाचारदाता
कालीकोट, कात्तिक ११ गते

जिल्ला सदरमुकाम मान्मदेखि जिल्ला अस्पतालसम्मको सडक कालोपत्रे एक वर्षमै उप्किएको छ। कमजोर निर्माण सामग्री र निर्माण कम्पनीको लापरबाहीका कारण एक वर्षअगावै कालोपत्रे उप्किएको बताइन्छ।

निर्माण भइरहेका बेला गोरखापत्रसहितका सञ्चार माध्यममा समाचार प्रकाशन भएपछि जिल्ला प्रशासन कार्यालय कालीकोटमा भएको छलफलमा बजेट व्यवस्थापन गरेर उक्त खण्डमा आरसिसी गर्ने भनिए पनि अहिलेसम्म जिरो प्वाइन्ट क्षेत्र जीर्ण नै छ। सडकमा राखिएको अलकत्रा त्यतिबेला नै उप्किएको थियो। धेरै विरोधपछि निर्माण कम्पनीले स्थानीयले सडकमा पानी फालिदिएका कारण यस्तो भएको दाबी गरेको थियो। खड्का निर्माण सेवाले उक्त सडकको काम जिम्मा पाएको थियो।

सहरी विकास कार्यालय जुम्लाका प्राविधिक चन्द्र खड्काको निर्माण कम्पनीले गर्ने धेरै काम यस्तै गुणस्तरहीन हुने गरेको आरोप छ। व्यक्तिगत पहुँचको प्रयोग गरी खड्काले प्राविधिक प्रतिवेदन आफैँ तयार गर्ने र ठेक्का पनि पार्ने गरेको आरोप लाग्दै आएको छ। यो सडकमा पनि त्यस्तै खेल भएको अनुमान गर्ने धेरै छन्। उहाँका भाइ समुन खड्काले ठेक्का कार्य सञ्चालन गर्दै आउनुभएको छ। कालीकोटको एकीकृत भवन, जिल्ला अदालत र गेस्ट हाउस निर्माण उहाँकै निगरानीमा भएका थिए तर बनेको एक वर्षमा चर्किनेदेखि कोठामा हालिएको फोर्ससमेत उप्किँदै जाने गरेपछि पुनः मर्मत गर्दै आएको कार्यालयका कर्मचारीको भनाइ छ।

खड्काले निगरानी गरेको सरकारी वकिलको कार्यालय कालीकोट पनि उस्तै गुणस्तरहीन छ। त्यसैले औपचारिक रूपमा उक्त कार्यालय बुझिएको छैन। सडकको आरसिसीको काम पनि गुणस्तरहीन हुने गरेको छ। काम छिटो सक्ने नाममा खड्काले जग्गा विवादलगायतका कुरा सुल्झाउनुको साटो आफू अनुकूलतामा अन्यत्र लैजाने गरेको स्थानीयको आरोप छ। कालीकोटको सदरमुकाम मान्म बजार आरसिसीका लागि सम्झौता भएका ठेक्का उच्च व्यक्तिको मनसायका आधारमा सार्ने गरिएको छ। मान्म बजारदेखि कोटदरबार हुँदै कर्णाली राजमार्गमा जोड्ने आरसिसी सडक उहाँले वडा नं. ४, जहाँ काम नलाग्ने ठाउँमा सारेर बजेट सकेको स्थानीयको आरोप छ।

तस्बिर : प्रेमराज सिम्खडा

कालीकोट सदरमुकाम मान्मको जिरो प्वाइन्टमा गरिएको कालोपत्रे एक हप्तामै उप्किएको अवस्था ।

अलपत्र अवस्थामा सहिद पार्क

जाजरकोट समाचारदाता
जाजरकोट, कात्तिक ११ गते

पाँच वर्षअघिसम्म भेरी नगरपालिका–१, रिम्नास्थित सहिद स्मृति पार्कमा निकै चहलपहल हुन्थ्यो। रमणीय पार्कमा प्रवेश गर्नेहरू आनन्दको अनुभूति लिन्थे, पार्क दिनभर खुलै रहन्थ्यो। पार्कभित्रको रमणीय वातावरणले आगन्तुक जोकोहीको मन लोभिन्थ्यो तर पछिल्लो समय पार्कमा आगन्तुकको नाम निसाना देखिँदैन। एक वर्षयता पार्क प्रवेश गर्नेको सङ्ख्या शून्य छ। १० वर्षे जनयुद्धका क्रममा भएका सहिदको स्मरणमा निर्माण भएको पार्क ओझेलमा परेको छ। सशस्त्र द्वन्द्वमा सबैभन्दा बढीले ज्यान गुमाएको गाउँ रिम्नामा १० वर्षअघि सहिद स्मृति पार्क बनेको थियो।

अहिले पार्कमा घुम्न आएकाहरू त्यत्तिकै फर्कने गरेका स्थानीय नैनबहादुर रानाले बताउनुभयो। सहिदको स्मरणका लागि पार्क पुगेका पीडित परिवार पनि निराश भई फर्कने गरेको उहाँको भनाइ छ।

द्वन्द्वमा पिपे र रिम्ना गाउँमा मात्र २९ जनाले ज्यान गुमाएका थिए। विद्रोही पक्षबाट एक र राज्य पक्षबाट २६ जना मारिएका थिए, अझै दुई जना बेपत्ता छन्। द्वन्द्वमा यस जिल्लाभरिबाट ३७६ जनाको ज्यान गएको थियो। द्वन्द्वका दुई सय सहिदको तस्बिर राखिएको स्मृति भवनमा तत्कालीन नेकपा माओवादी नेतृत्वको सरकारले द्वन्द्व प्रभावित गाउँ पिपे र रिम्नालाई ‘नमुना गाउँ शान्ति गाउँ’ घोषणा गरेको थियो।

भेरी नगरपालिका–१ का वडाध्यक्ष दीपक राना बजेट अभावमा उचित स्याहारसम्भार नहुँदा पार्कभित्र पालिएका जीवजन्तु र बोटबिरुवा तथा फूल मरिसकेको बताउनुहुन्छ। पार्कमा सहयोग गर्ने कर्मचारीको तलब व्यवस्थापन र पालिएका वन्यजन्तुको आहाराको खर्च जुटाउन नसक्दा पार्कको अस्तित्व सङ्कटमा परेको अध्यक्ष रानाको गुनासो छ। भेरी नगरपालिकालगायत निकायबाट पार्कको सम्भारका लागि आगामी वर्ष आवश्यक बजेट व्यवस्थापन गर्ने रानाले बताउनुभयो।

भूकम्पपीडितको दसैँ खल्लो

बाजुरा समाचारदाता
बाजुरा, कात्तिक ११ गते

बाजुराका भूकम्पपीडितका लागि यस वर्षको दसैँ निकै खल्लो बनेको छ। गत असोज १६ गते आएको भूकम्पले यहाँका अधिकांश स्थानीयवासी अहिलेसम्म त्रिपालमा बास गरिरहेका छन्। सधैँ सेतो कमेरो माटोले घर लिपपोत गरेर दसैँ मनाउने गरेका यतिबेला आकाशमुनि त्रिपालको बास भएकाले दसैँ खल्लो बनेको हो। गत वर्ष घरमा राम्रोसँग बसेर दसैँ मनाउँदा रमाइलो भएको थियो।

यो वर्ष भूकम्पले घर भत्काएर त्रिपालको बास गराएपछि दसैँ खल्लो बनेको खप्तड छेडेदह गाउँपालिका–५, डोगडीका जित सार्कीले बताउनुभयो। उहाँले भन्नुभयो, “१६ गते गएको भूकम्पले घरबारविहीन बनाएपछि अहिले खुला आकाशमा बास बसेका छौँ।”

यतिबेला दसैँतिहारमा रमाइलो गर्नु त के बिहान बेलुकाको छाक पनि कसरी टार्ने भन्ने निकै चिन्ता छ। गत वर्षको बाढीले जमिन बगायो, यो वर्षको भूकम्पले घर भत्कायो। अब न जमिन रह्यो न त घर नै रह्यो।

यो अवस्थामा अब के खाने र कहाँ गएर बास बस्ने भन्ने चिन्ता लागेको बेला दसैँ खल्लो बन्दै गएको स्थानीयवासी सार्कीले बताउनुभयो।

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
कोशी प्रदेश, प्रादेशिक कार्यालय, रानी, विराटनगर

बोलपत्र आह्वान सम्बन्धी संशोधन गरिएको सूचना

प्रकाशित मिति : २०८०।०७।१२

यस केन्द्रबाट मिति २०८०।०६।८ र २०८०।०६।२२ को गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचनाको **NEA-KPO-Stationery-2080/081-04SQ, NEA-KPO-DS-2080/081-05, NEA-KPO-FM-2080/081-06, NEA-KPO-TRM-2080/081-07, NEA-KPO-COPPERWIRE-2080/081-08** र **NEA-KPO-TO-2080/081-09** हरूको म्याद मिति २०८०/०७/१९ सम्म थप गरिएकोमा **NEA-KPO-TRM-2080/081-07, NEA-KPO-COPPERWIRE-2080/081-08** र **NEA-KPO-TO-2080/081-09** हरूको **Schedule of Requirements** संशोधन गरिएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

Halesi Tuwachung Municipality
Office of the Municipal Executive
Durchhim, Khotang
Koshi Province, Nepal

Invitation of Electronic Bids

Date of Publication : 2080/07/12 (2023-10-29)

1. The Halesi Tuwachung Municipality office, invites Open Completive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Procedure:

S. N.	Contract ID No.	Name of Project	Cost Estimate (NRs) with VAT+Provisional	Bid security Amount (NRs.)	Fee for Bid Document (NRs.)	Last Date of Bid Submission	Bid Opening Date and Time
1	HTM/ Works/NCB-05/2080/081	Construction of chyasmitar school building (Ground floor RCC & First floor Truss Structure)	83,75,416.38/-	2,50,000.00/-	3,000/-	28-11-2023 12:00	28-11-2023 14:00

2. Bidder must submit tax clearance of FY: 2079/080
3. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Halesi Tuwachung Municipality, Durchhim, Khotang or PPMO'S www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
4. For details bidders are advised to visit website: **https://www.bolpatra.gov.np/egp/**